# नेपाल तथ्याङ्कशास्त्र समाजको विधान -२०७१

## प्रस्तावना

नेपालका विभिन्न विश्वविद्यालय तथा क्याम्पसहरुमा तथ्याङ्कशास्त्र विषयको प्राध्यापन तथा अनुसन्धानमा संलग्न प्राध्यापकहरुको प्राज्ञिक उन्नयनका क्षेत्रमा काम गर्न, तथ्याङ्कशास्त्र विषयको प्रयोगका विभिन्न क्षेत्रहरुको थप पहिचान तथा विकास गर्न, तथ्याङ्कशास्त्र विषयको व्यापकताका आधारमा प्राध्यापकहरुको दक्षतामा अभिबृद्धि गर्न, तथ्याङ्कशास्त्र विषयले पाउनु पर्ने प्राथमिकताका क्षेत्रमा विषयगत सामर्थ्य स्थापित गराउन आवश्यक काम गर्न तथा मुलुकको समग्र विकासकालागि तथ्याङ्कशास्त्र क्षेत्रको भूमिका प्रभावकारी बनाउने कार्यहरु गर्दै नेपाली समाजको समुन्नतीमा ठोस योगदान पुऱ्याउने ध्येयका साथ तथ्याङ्कशास्त्रका प्राध्यापकहरुको पेशागत तथा प्राज्ञिक साझा मंचका रुपमा नेपाल तथ्याङ्कशास्त्र समाज स्थापना गर्न यो विधान ‘संस्था दर्ता ऐन २०३४ को अधिनमा रही’ तर्जुमा गरिएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१) **संस्थाको नाम :**

यस संस्थाको नाम **नेपाल तथ्याङ्कशास्त्र समाज** रहनेछ । अंग्रेजीमा यसलाई **Nepal Statistical Society** भनिनेछ । छोटकरीमा यसलाई **NeSS** भनिनेछ ।

क) संस्थाको कार्यालय :

यस संस्थाको कार्यालय काठमांडौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ७, गोंगबु मा रहनेछ ।

ख) संस्थाको कार्यक्षेत्र :

यस नेपाल तथ्याङ्कशास्त्र समाज को मुल कार्यक्षेत्र काठमांडौ जिल्ला हुनेछ । नेपालका अन्य बिभिन्न जिल्लाहरुमा प्राध्यापनरत तथ्याङ्कशास्त्रीहरु सम्म कार्यक्षेत्र विस्तार गर्न संबन्धित जिल्लाहरुका स्थानीय अधिकारीको स्विकृती लिई गरिनेछ ।

ग) प्रारम्भ :

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्व :

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामुलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

२) परिभाषा

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा:

क) “विधान” भन्नाले नेपाल तथ्याङ्कशास्त्र समाजको विधानलाई सम्झनुपर्दछ ।

ख) "संस्था" भन्नाले यस विधान अन्तर्गत स्थापित "नेपाल तथ्याङ्कशास्त्र समाज"लाई जनाउँदछ।

ग) "समाज" भन्नाले नेपाल तथ्याङ्कशास्त्र समाजलाई जनाउँदछ ।

घ) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

ङ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

च) "पदाधिकारी" भन्नाले संस्थाका सभापति लगायतका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

छ) "नियम, विनियम" भन्नाले यस विधान अन्तरगत बन्ने नियम विनियमलाई जनाउँदछ ।

ज) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ञ) "स्थानीय निकाय" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गा.वि.स. र जि.वि.स. लाई जनाउनेछ ।

ट) "सदस्य" भन्नाले विधानको दफा ८ बमोजिम बनेका सदस्यहरु सम्झनु पर्दछ ।

) **संस्थाको चिन्ह र छाप :**

यस संस्थाको छाप अनुसुचि १ मा उल्लेख भए अनुसार षटकोणभित्र स्तम्भ चित्रहरु रहेको र सो को वरिपरि नेपाल तथ्याङ्कशास्त्र समाज (२०७१) र Nepal Statistical Society लेखिएको हुनेछ ।

## परिच्छेद २

## उद्देश्य

४) **संस्थाका उद्देश्यरु**

संस्थाका देहाय बमोजिम उद्देश्यहरु रहनेछन ।

क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

ख) यो संस्थाले तथ्याङ्कशास्त्र विषयको अध्ययन, अध्यापन, अनुसन्धान र प्रयोगका बिभिन्न क्षेत्रहरुको विकास र स्तरोन्नतीका लागि सभा, गोष्ठी, सेमिनार, छलफल, तालिम, प्रकाशन, प्रवचन तथा सचेतनामुलक विभिन्न कार्यक्रमहरु गर्नेछ ।

ग) यो संस्थाले तथ्याङ्कशास्त्र विषयले पाउनु पर्ने प्राथमिकताका क्षेत्रमा तथ्याङ्कशास्त्र विषयको ~~अधिकार स्थापित गराउन~~ आवश्यक काम गर्नेछ ।

घ) यो संस्थाले नेपाली तथ्याङ्कशास्त्रीहरुको भूमिका र कार्यपद्धतिलाई स्तरीय र जिम्मेवारीपूर्ण बनाउन सहयोग पुग्ने कार्यहरु गर्नेछ ।

ङ) यो संस्थाले नेपालमा तथ्याङ्कको अपव्याख्या हुन सक्ने जोखिमलाई न्युन बनाउने कार्यहरु गर्दै अध्ययन, अनुसन्धानका आधारमा नेपाल सरकारलाई नीति निर्माणमा सुझाव दिने कार्यहरु गर्नेछ ।

च) यो संस्था तथ्याङ्कशास्त्रीहरुको प्राज्ञिक तथा व्यवसायिक विकासका लागि सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसंग समन्वय राखी विभिन्न कार्यक्रमहरुमा सहभागी हुनेछ ।

५) **संस्थाका उद्देश्यरु प्राप्त गर्न गरिने कामहरु**

यस संस्थाले दफा ४ मा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।

क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) यस संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

## परिच्छेद ३

## सदस्यता

६) **सदस्यताको बर्गिकरण**

यस संस्थामा देहाय बमोजिम ३ प्रकारका सदस्यहरु रहनेछन ।

क) **साधारण सदस्य** (General Member)

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत संस्थाको साधारण सदस्यताका लागि आवेदन गरी सदस्यता प्राप्त गरेमा त्यस्ता व्यक्तिहरु संस्थाको साधारण सदस्य हुनेछन ।

ख) **आजीवन सदस्य** (Life Member)

संस्थाको विकासको लागि विशेष सहयोग पुऱ्याउने वा एकमुष्ठ शुल्क बुझाई आजीवन सदस्यताका लागि आवेदन गरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु तोकिएको प्रकृया अन्तर्गत संस्थाका आजीवन सदस्य हुनेछन ।

ग) **मानार्थ सदस्य** (Honorary Member)

संस्थाको उद्देश्य प्राप्त गर्न कुनै उल्लेखनीय सहयोग गर्ने वा भविष्यमा गर्नसक्ने भनी समितिले उपयुक्त ठहर गरेका विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित तथ्याङ्कशास्त्रीलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

घ) यस संस्था स्थापनार्थ काम गर्ने तदर्थ कार्यसमितिका संस्थापक सदस्यहरु विधान बमोजिम तोकिएको प्रकृया अन्तर्गत शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य हुनेछन ।

७. **सदस्यता प्राप्तिको लागि योग्यता**

यस संस्थाको सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति योग्य हुनेछ ।

क) नेपाली नागरिक भएको

ख) २१ वर्ष उमेर पुरां भएको

ग) मानसिक सन्तुलन नगुमाएको

घ) सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगका सजाय नपाएको

च) देहाय बमोजिमको योग्यता मध्ये कुनै एक योग्यता भएको

अ) तथ्याङ्कशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरी विश्वविद्यालयहरु, विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरु वा विश्वविद्यालय समानका प्रतिष्ठानहरुमा तथ्याङ्कशास्त्र विषयको अध्यापन अनुसन्धानमा संलग्न

आ) तथ्याङ्कशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी विश्वविद्यालयहरुका अनुसन्धान केन्द्रहरुमा तथ्याङ्कशास्त्र संबन्धि अनुसन्धानमा संलग्न

इ) तथ्याङ्कशास्त्र विषयको प्राध्यापन र अनुसन्धानमा संलग्न रही विश्वविद्यालय सेवाबाट अवकाश प्राप्त

## ८. संस्थाको सदस्यता प्राप्त गर्न नसक्ने अवस्था

देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन :

क) गैर नेपाली नागरिक

ख) २१ वर्ष उमेर पुरा नगरेको

ग) मगज बिग्रेको वा बौलाएको

घ) सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको

च) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको

छ) साहुको दामासाहीमा परेको

ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक बर्ष भित्र ।

झ) दफा ७ बमोजिमका कुनै प्रक्रिया वा योग्यता नपुगेको ।

## ९. सदस्यताको समाप्ती

१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य पदमा वहाल रहन सक्नेछैन ।

क) यस विधानको दफा ८ वमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा

ख) साधारण सभाको ७५% सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा

ग) संस्थाको आफ्नो पदवाट दिएको राजिनामा स्वीकृत भएमा

घ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा

ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा

च) संस्थालाई बुझाउनु पर्ने सदस्यता शुल्क समयमा नबुझाई बुझाउन बाँकी भएमा

छ) संस्था विघटन भै खारेज भएमा

ज) मृत्यु भएमा

झ) संस्थाको उद्देश्य, विधान, नियम वा आचार संहिता विपरितको कार्य गरेमा

[illegible] बिना सूचना संस्थाको बैठकमा लामो अवधि सम्म उपस्थित नभएमा वा निष्क्रिय भएको [illegible] भएमा अध्यक्षको सिफारिसमा पदाधिकारीको निर्णयले पदबाट हटाउन सक्नेछ ।

२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको जानकारी दिई, सफाईको सबुद पेश गर्ने मौका दिइनेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**

यस विधानको दफा ६ बमोजिमको सदस्य हुन चाहनेले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्नसक्नेछन ।

**१) साधारण सदस्य**

क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश तथा बार्षिक शुल्क वापत रु ५०० बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गरेमा कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) साधारण सदस्यले बार्षिक नवीकरण शुल्क रु ५०० बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्यता प्राप्त गरेको व्यक्तिले संस्थाको बार्षिक साधारण सभा हुनु भन्दा पहिले नै नवीकरण शुल्क बुझाई सदस्यता नवीकरण गराइ सक्नु पर्नेछ । त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्नेछ ।

**२) आजीवन सदस्य**

संस्थामा एकमुष्ठ रु ३००० बुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

**३) मानार्थ सदस्य**

साधारण सभाको निर्णयले ठहर गरेका विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित तथ्याङ्कशास्त्रीलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । मानार्थ सदस्यहरुबाट सदस्यता शुल्क लिने व्यवस्था हुने छैन र मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

४) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय भएमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

५) सबै सदस्यहरुले यस विधान र विधान अन्तरगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

६) संस्थाले प्रदान गरेको उपदफा १, २, ३ अनुसारको सदस्यहरुको विबरण तोकिए ढाँचामा छुट्टै अभिलेख पुस्तिकामा रखिनेछ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा बैठक संबन्धि व्यवस्था

**११) साधारण सभाको गठन**

१) यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेकका सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ । साधारण सभामा मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन । साधारण सभा संस्थाको सर्बोच्च अङ्ग हुनेछ ।

२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) **वार्षिक साधारण सभा:**

वर्षको एक पटक यस संस्थाको वार्षिक साधारण सभा बस्नेछ ।

ख) **विशेष साधारण सभा:**

संस्थाको कुल सदस्य संख्याको एक तिहाई सदस्यले उचित कारण सहित विशेष साधारण सभा बोलाउन लिखित माग गरेमा कार्यसमितिले कम्तीमा ७ दिनभित्र अनिवार्य रुपमा विशेष साधारण सभा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुन: विशेष साधारण सभा बस्न सक्नेछैन ।

३) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले ६ महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र गरिनेछ ।

४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोलि सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिईनेछ ।

५) उपदफा (४) बमोजिम बोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानका दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुन: साधारण सभा बोलाईनेछ ।

६) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कार्य समितिले पेश गरेको योजना, कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फर्स्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी बर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा विधान बमोजिमको प्रक्रिया अन्तरगत रही कार्य समितिका पदाधिकारीहरुको निर्वाचन गर्ने ।

च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफनै आन्तरिक श्रोतबाट बेहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने, तर विशेष परिस्थितिमा यो उपनियम बाध्यकारी हुने छैन ।

१३) कार्य समितिको गठन

१) साधारण सभाका सदस्यहरुबाट बाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने १५ सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष (President) | १ जना |
| उपाध्यक्ष (Vice-President) | १ जना |
| महासचिव (General Secretary) | १ जना |
| सचिव (Secretary) | १ जना |
| कोषाध्यक्ष (Treasurer) | १ जना |
| सदस्यहरु (Members) | १० जना |

२) कार्य समितिको कार्यकाल तीन वर्षको हुनेछ ।

३) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।

४) कार्य समितिको वैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछन । तर कार्य समितिका पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५) कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभई कार्य समतिको वैठक बस्ने छैन ।

६) कार्य समितिको वैठकमा अध्यक्षले सभापतित्वले गर्नेछन र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा वैठकमा उपस्थित भएका सदस्यहरुले छानेको सदस्य वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन ।

७) कार्य समितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन ।

८) कार्य समितिको वैठकमा छलफल भएको विषयहरुको निर्णय लेखी राखिनेछ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण पदाधिकारीले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

९) संस्थाले गर्ने भनेका सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१०) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको वैठकको निर्णय सरह मानिनेछ ।

१४ कार्य समितिको काम, कर्तव्य र अधिकार

१४. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) संस्थाको आगामी वर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने

ख) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने

ग) संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने

घ) साधारण सभा प्रति उत्तरदायी रहने.

ङ) संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने

च) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने

छ) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने

ज) संस्थाका कर्मचारीहरुको सेवा, शर्त र सुविधा आदी सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृती गराई लागु गर्ने गराउने

झ) संस्थाको उद्देश्य परिपूर्तिको लागी आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका साथै अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाड गरी दिने

ञ) संस्थाको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

**१५. पदत्याग गर्न सक्ने:**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन ।

**१६. अन्य समितिहरु:**

१) यस विधानको परिधि भित्र रही संस्थाको कार्य संचालनका लागि कार्य समितिले आवश्यकता अनुसार सचिवालय, अन्य समितिहरु वा उपसमितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

२) उपसमितिका कार्यहरु कार्य समितिले तोकिदिए अनुसार हुनेछ ।

## परिच्छेद ५

## पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१७. पदाधिकारीको काम, कर्तव्य र अधिकार**

कार्य समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१) अध्यक्षको काम, कर्तव्य र अधिकार:**

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने

ख) निर्णायक मत दिने

संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने

संस्थालाई नेतृत्व दिने तथा समितिले अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने,

संस्थाको उद्देश्य अनुरुपका कार्यक्रमहरु तथा सभाले निर्दिष्ट गरेका कार्यहरु कार्यान्वयन गर्ने

) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने

) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाड गर्ने

) संस्थाका काम, कारवाही तथा गतिविधीहरुको सुपरिवेक्षण गर्ने

) पदाधिकारीहरु बीच कामको बाँडफाड गर्ने

) विधानमा उल्लेख भएका अन्य काम गर्ने

) अभिलेख प्रमाणित गर्ने

**उपाध्यक्षको काम, कर्तव्य र अधिकार:**

क. अध्यक्षलाई काममा सहयोग गर्ने

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गन

ग) अध्यक्षको अनुपस्थिति वा अन्य कुनै कारणले निजले काम सम्पादन गर्न नसकेको अवस्थामा अध्यक्षले गर्ने सबै काम गर्ने

**महासचिवको काम, कर्तव्य र अधिकार:**

क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने

ख) सभापतिले निर्देश गरे बमोजिम समितिको बैठक तथा समितिको निर्णय बमोजिम साधारण सभा बोलाउने

ग) संस्थासंग सम्बन्धित लिखतहरुको अभिलेख गर्ने तथा अभिलेख सुरक्षित राख्ने

घ) संस्थाको तर्फवाट पत्राचार गर्ने

ङ) संस्थाको निर्णय पुस्तिका अध्यावधिक गर्ने, निर्णय प्रमाणीत गर्ने तथा तत्सम्बन्धि जानकारी गराउने

च) संस्थाको चल अचल सम्पत्ति तथा सचिवालय र कर्मचारीको सुपरिवेक्षण गर्ने

छ) सभापतिले दिएको अन्य जिम्मेवारी पुरा गर्ने

ज) विधानमा उल्लेख भएका अन्य काम गर्ने

**४) सचिवको काम, कर्तव्य र अधिकार:**

क) महासचिवलाई काममा सहयोग गर्ने

ख) महासचिवको अनुपस्थितिमा उसले गर्ने कार्य सम्पादन गर्ने

ग) कार्यसमितिले अह्राएको काम गर्ने ।

**५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने

ख) कार्य समितिमा पास गराई साधारण सभामा वार्षिक आर्थिक प्रतिवेदन र बजेट पेश गर्ने

ग) संस्थाको आय व्यय (लेखा) दुरुस्त राख्ने

घ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने

ङ) साधारण सभाले वा कार्य समितिले तोकेका संस्थाको आर्थिक श्रोत संग संवन्धित अन्य काम हरु गर्ने

च) विधानमा उल्लेख भएका अन्य काम गर्ने

६) **कार्य समिति सदस्यको काम, कर्तव्य र अधिकार:**

क) समितिको वैठकमा उपस्थित भै सकिय सहभागीता जनाउने

ख) संस्थाले तोकेको काम गर्ने तथा साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्नमा सक्रिय हुने

ग) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने

घ) साधारण सभाले वा कार्य समितिले तोकेका संबन्धित अन्य काम हरु गर्ने

**१८. गणपुरक संख्या:**

क) यस सस्थाको कुल सदस्य संख्याको ६० (साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थिति नभै साधारण सभाको काम कारवाही हुने छैन ।

ख) तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारण सभामा कुल सदस्य संस्थाको एकाउन्न प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । यसरी बोलाईएको साधारण सभामा समेत आवस्यक उपस्थिति नभएमा सात दिन भित्र पुन: साधारण सभा बोलाईने छ र त्यस सभामा जतिसुकै सदस्य उपस्थित भए पनि साधारण सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६

## आर्थिक व्यवस्था

**१९। आर्थिक श्रोत:**

१) संस्थाको आफनो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहाए बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन:

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम

ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम

ग) संस्थाको चल, अचल सम्पति वा अन्य वस्तुवाट बढे बढाएको रकम

घ) विदेशी संस्था व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थावाट सहयोग वापत प्राप्त रकम

ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम

२) विदेशी संघ संस्था वा व्यक्तिवाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकारबाट तोकिएको निकायबाट पूर्व स्वीकृत लिनुपर्ने भए लिई प्राप्त गर्नेछ ।

३) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिने छ ।

२०) **खाता सञ्चालन:**

संस्थाको बैंक खाताको सञ्चालन अध्यक्ष र महासचिव मध्ये कुनै एक जना र कोषाध्यक्ष को अनिवार्य गरी दुई जनाको संयुक्त हस्ताक्षरबाट हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. **कोषको रकम खर्च गर्ने तरिका:**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक बजेट, योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गरिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गरिनेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गरिनेछ ।

२२. **संस्थाको लेखा र लेखापरीक्षण:**

१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

२) संस्थाको लेखा परीक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरीक्षकवाट हुनेछ ।

३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफैं वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब किताव जाँच गर्न गराउन सक्नेछ ।

४) लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५) संस्थाको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १।१ प्रति स्थानीय अधिकारी, जिल्ला विकास समिति, समाज कल्याण परिषद र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन संवन्धि व्यवस्था

२३. **निर्वाचन सम्बन्धि व्यवस्था**

१) कार्यसमितिको निर्वाचन प्रयोजनको लागि कार्यसमितिको सहमतिबाट बढीमा तीनजना सम्मको एक निर्वाचन समिति गठन गरिनेछ ।

२) निर्वाचन समितिले प्रचलित कानुनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

३) निर्वाचन समितिले तोकिए बमोजिमको क्षेत्र, लिङ्ग आदिको समावेसी प्रतिनिधित्व हुने गरी निर्वाचन प्रक्रिया अपनाई कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्नु पर्नेछ ।

३) समितिका पदाधिकारीहरु निर्विरोध निर्वाचित भएको अवस्थामा वाहेक निर्वाचन गोप्य मतदानद्वारा हुने छ ।

४) निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा विवादको टुंगो सम्बन्धमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

५) निर्वाचन सम्पन्न भई घोषणा भएपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

२४. **उम्मेदवार हुने योग्यता**

कार्यसमितिको उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क) यस संस्थाको सदस्य नरहेको व्यक्तिले तथा मानार्थ सदस्यले निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन पाउने छैन ।

ख) यस विधानको अन्य दफामा जेसुकै लेखिएको भएता पनि निर्वाचन अधिकृत संस्थाको सदस्य भएमा निर्वाचनमा उम्मेदवार हुन पाउने छैन, तर निर्वाचनमा मतदान गर्न पाउने छ ।

ग) यस विधानको अन्य दफामा जे सुकै लेखिए पनि संस्थाको कर्मचारी भई बहाल रहेको सदस्यले निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

२५. **अविश्वासको प्रस्ताव**

१) कार्य समिति वा पदाधिकारी बिरुद्ध अविश्वासको प्रस्ताव पेश गर्न चाहने सदस्यहरुले लिखित रुपमा कुन कुन पदाधिकारीहरुको विरुद्धमा अविश्वासको प्रस्ताव हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरि लेखिएको हुनुपर्नेछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्नेछ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तिमा १।४ (एक चौथाई) सदस्यहरुले प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (३) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईने छ ।

३) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले उप दफा १ बमोजिमको प्रस्ताव साधारण सभामा पेश गर्न अनुमति दिनेछन र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछन ।

ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यहरुले आफ्नो अभिमत सभा समक्ष पेश गरिसकेपछि अध्यक्षले सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा ३ जना सदस्यहरुलाई आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन सक्नेछन् ।

ग) उपदफा ३ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारी बिरुद्ध प्रस्तुत गरिएको हो, ती पदाधिकारीलाई आफ्नो सफाइ पेश गर्नका लागि आफ्ना भनाइहरु राख्न सभाका अध्यक्षद्वारा अनुमति दिइनेछ ।

४) अविश्वासको प्रस्ताव माथि निर्णय

क) अविश्वासको प्रस्ताव उपर भनाइहरु राख्ने क्रम समाप्त भए पछि सभाका अध्यक्षले सो अविश्वासको प्रस्तावको पक्ष र विपक्ष कुनमा बहुमत छ भन्ने निर्णयका लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई निर्णय गर्नेछन् ।

अ) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर ।

आ) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

ख) साधारण सभाको कुल सदस्यसंख्याको दुई तिहाई (२/३) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । अविश्वासको प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन ।

ग) निर्वाचन भएको ६ महिना नपुगी वा अविश्वासको प्रस्ताव विफल भएको ६ महिना नपुगी तिनै व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६) **विधान संसोधन**

साधारण सभाको कुल सदस्यसंख्याको दुई तिहाई (२/३) बहुमतले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७. **नियम बनाउन सक्ने:**

१) संस्था दर्ता ऐन २०३४ र सो ऐन अन्तर्गत बनेको नियम र यस विधानको अधिनमा रही यस विधानको उद्देश्य पुरा गर्न समितिले नियम, विनियम तथा निर्देशिका वनाई लागु गर्न सक्नेछ ।

२) संस्थाले आफनो कार्य सम्पादन गर्ने सन्दर्भमा बनाएका आवश्यक नियम, विनियमहरु साधारण सभाबाट पारित गराई लागु हुनेछ । सो को जानकारी स्थानीय अधिकारीलाई दिनु पर्नेछ ।

२) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनका रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशसन संबन्धी विनियम बनाई लागु गर्न सक्नेछ। त्यस्ता विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. **कर्मचारीको व्यवस्था:**

क) संस्थाको दैनिक कार्य सञ्चालन योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारीको दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीहरुको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि साधारण सभाले पारित गर्ने छ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यक्रममा विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले कार्य गर्ने अवधि, पुर्‍याउने सेवा, त्यसको औचित्य, सुविधा र निजको योग्यता समेतको विवरण स्थानिय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पेश गरी स्वीकृति लिईनेछ ।

२९) संस्थाको खारेजी:

१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२) उपदफा(१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडटरहरु र संस्थाको हिसाबकिताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखापरीक्षकहरु नियुक्त गर्न सक्नेछ ।

३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडटर तथा लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ ।

४) यसरी कारणवस संसथा बिघटन भै खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने जायजेथा नेपाल सरकारको हुनेछ ।

३०) **व्याख्या:**

यो विधान र विधान अन्तर्गत वनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

३१) **पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नुपर्ने आचार संहिता:**

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । संस्थाको विधान र प्रचलित नेपाल कानुनको अधिनमा रही संस्थाको हितको लागि गरिएका गोप्यता भंग गर्न नहुने भनी निर्णय गरिएका कुराहरुको गोप्यता भंग गर्न हुँदैन । कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

३२) **ऐन अनुसार हुने**

यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछन ।

३३) **निर्देशनको पालना:**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४) **तदर्थ समिति**

१) यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा वोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

२) प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा तदर्थ कार्य समितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भउको मानिने छ ।

३५) हामी **नेपाल तथ्याङ्कशास्त्र समाजका** निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भै निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

Nepal Statistical Society (NeSS)

| संस्थापकको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नाम, थर, ठेगाना र सहीछाप |
|---|---|
| १. नाम थर: विकाश राज सत्याल<br>ठेगाना : जिल्ला : पर्सा.....<br>न. पा. / गा.वि.स...वीरगंज उपमहानगरपालिका<br>वडा नं. १०  ब्लक नं. ............<br>सहीछाप: | १. नाम थर: कमलशंकर भण्डारी<br>ठेगाना : जिल्ला .....ल.त.पु. .....<br>न. पा. / गा.वि.स......[illegible]...<br>वडा नं. ...८.....  ब्लक नं. ............<br>सहीछाप: |
| २. नाम थर: राम प्रसाद खतिवडा<br>ठेगाना : जिल्ला : झापा<br>न. पा. / गा.वि.स.शिवगंज<br>वडा नं.७  ब्लक नं. ............<br>सहीछाप: | २. नाम थर: हरि प्रसाद उपाध्याय<br>ठेगाना : जिल्ला ...बाग्लुङ.....<br>न. पा. / गा.वि.स......[illegible]<br>वडा नं. ...२...  ब्लक नं. ............<br>सहीछाप: |
| ३. नाम थर: मिनर्भा राजभण्डारी<br>ठेगाना : जिल्ला: काठमाडौं<br>न. पा. / गा.वि.स. का. न. पा.<br>वडा नं. ३०  ब्लक नं. ............<br>सहीछाप: | ३. नाम थर: विक्रम भण्डारी<br>ठेगाना : जिल्ला ...झापा... .....<br>न. पा. / गा.वि.स.......धरमपुर<br>वडा नं. ....८.  ब्लक नं. ............<br>सहीछाप: |
| ४. नाम थर: वसन्त कुमार ढकाल<br>ठेगाना : जिल्ला .सिन्धुली<br>न. पा. / गा.वि.स. : शिद्धेश्वर<br>वडा नं. ५  ब्लक नं. ............<br>सहीछाप: | ४. नाम थर: वसन्त प्र० बोहरा<br>ठेगाना : जिल्ला ...प्यूठान .....<br>न. पा. / गा.वि.स.......स्वलंगा<br>वडा नं. .....९..  ब्लक नं. ............<br>सहीछाप: |
| ५. नाम थर: कृष्ण प्रसाद आचार्य<br>ठेगाना : जिल्ला : बाग्लुङ<br>न. पा. / गा.वि.स. : राङखानी<br>वडा नं. ७  ब्लक नं. ............<br>सहीछाप: | ५. नाम थर: छबिलाल पौडेल<br>ठेगाना : जिल्ला ....स्याङ्जा ....<br>न. पा. / गा.वि.स.....रापाकोट...<br>वडा नं. ....६..  ब्लक नं. ............<br>सहीछाप: |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| संस्थापकको नाम, थर, ठेगाना र सहीछाप | साक्षीको नाम, थर, ठेगाना र सहीछाप |
|---|---|
| ६. नाम थर: गोविन्द तामाङ<br>ठेगाना : जिल्ला :काठमाण्डौं<br>न.पा./गा.वि.स. : का.म.न.पा.<br>वडा नं. ९ ब्लक नं. ............<br><br>सहीछाप: [signature] | ६. नाम थर: हिक्मत अधिकारी<br>ठेगाना : जिल्ला .....गोरखा.....<br>न. पा./गा.वि.स.......धुँवाकोट<br>वडा नं. ......३ ब्लक नं. ............<br><br>सहीछाप: [signature] |
| ७. नाम थर: सृजना खड्का<br>ठेगाना : जिल्ला : भक्तपुर<br>न. पा./गा.वि.स. : वधिकोट<br>वडा नं. ८ ब्लक नं. ............<br><br>सहीछाप: [signature] | ७. नाम थर: निराजन [illegible]<br>ठेगाना : जिल्ला ....झापा.. .....<br>न. पा./गा.वि.स.......धरमपुर<br>वडा नं. ....६... ब्लक नं. ............<br><br>सहीछाप: [signature] |
| ८. नाम थर: नूरा श्रेष्ठ<br>ठेगाना : जिल्ला : ताप्लेजुङ<br>न. पा./गा.वि.स. : थाँगे<br>वडा नं. १ ब्लक नं. ............<br><br>सहीछाप: [signature] | ८. नाम थर: सुसिल पकुवाल<br>ठेगाना : जिल्ला ........झापा .....<br>न. पा./गा.वि.स....... शिवगंज<br>वडा नं. .....४.. ब्लक नं. ............<br><br>सहीछाप: [signature] |
| ९. नाम थर: अरुण यादव<br>ठेगाना : जिल्ला : महोत्तरी<br>न. पा./गा.वि.स. : लक्ष्मीनियाँ<br>वडा नं. ४ ब्लक नं. ............<br><br>सहीछाप: [signature] | ९. नाम थर: प्रदिप फौडार ओली<br>ठेगाना : जिल्ला ......रुपन्देही...<br>न. पा./गा.वि.स......[illegible]<br>वडा नं. .......९ ब्लक नं. ............<br><br>सहीछाप: [signature] |

Nepal Statistical Society (NeSS)

## अनुसुचि १

यस संस्थाको छाप निम्न चित्रमा उल्लेख भए अनुसार षटकोणभित्र स्तम्भ चित्र र वृत्तचित्रका खण्डहरु रहेको र सो को वरिपरि नेपाल तथ्याङ्कशास्त्र समाज (२०७१) र Nepal Statistical Society लेखिएको हुनेछ ।